वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक ११६ | २०८३ भदौ ०९ गते मंगलबार, नेपाल सम्वत् ११४६ August 25, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

# तनहुँमा खाद्यान्न उत्पादन अझै अपुग, बाँदर र बाँझो जमिन मुख्य चुनौती

## एक वर्षमा ३७ कार्यक्रम सञ्चालन गर्दा ८३.२ प्रतिशत बजेट खर्च, ७ हजारभन्दा बढी रोजगारी सिर्जना

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँमा खाद्यान्न उत्पादनले जिल्लाको वार्षिक आवश्यकता धान्न नसकेको देखिएको छ । कृषि विकास कार्यालय तनहुँको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदनअनुसार जिल्लामा वार्षिक उपभोगका लागि आवश्यक पर्ने १ लाख ३० हजार ८१ दशमलव ९ मेट्रिक टन खाद्यान्नमध्ये १ लाख २५ हजार ५८८ दशमलव ९ मेट्रिक टन मात्र उत्पादन भएको छ । यस आधारमा जिल्लामा ४ हजार ४९२ दशमलव ६ मेट्रिक टन खाद्यान्न अपुग देखिएको हो ।

कृषि विकास कार्यालयले आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत ३८ कार्यक्रममध्ये ३७ वटा कार्यान्वयनमा ल्याएको थियो । तीमध्ये ३३ वटा कार्यक्रमले ८० प्रतिशतभन्दा बढी प्रगति हासिल गरेका छन् भने तीनवटाले ५० देखि ७९ दशमलव ९९ प्रतिशतसम्म र एउटा कार्यक्रमले ५० प्रतिशतभन्दा कम प्रगति गरेको प्रतिवेदनमा उल्लेख छ । एउटा कार्यक्रम भने सुरू हुन सकेन। समग्रमा कार्यालयले ९७ प्रतिशत भारित प्रगति हासिल गर्दा वित्तीय प्रगति ८३ दशमलव २ प्रतिशत रहेको छ ।

कार्यालयका अनुसार प्रदेश सशर्ततर्फको वार्षिक भारित प्रगति ९६ दशमलव ९८ प्रतिशत र वित्तीय प्रगति ८२.९ प्रतिशत रहेको छ । संघीय कार्यक्रम अन्तर्गत डीएलएस/ डीओएतर्फ शतप्रतिशत वित्तीय प्रगति भएको छ । कार्यालयले वर्षभरिमा कुल ६ करोड २१ लाख २६ हजार रूपैयाँ बजेट विनियोजन भएकामा ५ करोड १६ लाख ८६ हजार रूपैयाँ खर्च गरेको प्रतिवेदनमा उल्लेख छ ।

**खेतीयोग्य जमिनको एक चौथाइभन्दा बढी बाँझै**




प्रतिवेदनअनुसार तनहुँको कुल १ लाख ५४ हजार ६ सय हेक्टर क्षेत्रफलमध्ये ६५ हजार ६१ हेक्टर खेतीयोग्य जमिन रहेको छ । खेतीयोग्य जमिनमध्ये ५१ हजार ५१० हेक्टर अर्थात् ७९ दशमलव १७ प्रतिशतमा खेती गरिएको छ भने १३ हजार ५५१ हेक्टर अर्थात् २० दशमलव ८३ प्रतिशत खेतीयोग्य जमिन अझै खेती नगरिएको अवस्थामा छ ।

खेती गरिएको जमिनमध्ये १३ हजार ९९८ हेक्टर अर्थात् २७ दशमलव १७ प्रतिशतमा मात्र सिँचाइ सुविधा पुगेको छ। बाँकी ३७ हजार ५१४ हेक्टर अर्थात् ७२ दशमलव ८३ प्रतिशत जमिन अझै आकाशे पानीमा निर्भर रहेको प्रतिवेदनले देखाएको छ । जिल्लामा चार नगरपालिका र छ गाउँपालिका गरी १० स्थानीय तह तथा ८५ वडा रहेका छन् ।

कृषि उत्पादनका दृष्टिले खाद्यान्न बालीले सबैभन्दा ठूलो क्षेत्र ओगटेको छ। प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२/०८३ मा ३९ हजार ६२७ दशमलव १ हेक्टरमा खाद्यान्न खेती गरी १ लाख २५ हजार ५८९ मेट्रिक टन उत्पादन भएको छ । दलहन ४ हजार ८२० हेक्टरमा ४ हजार २२२ दशमलव ९ मेट्रिक टन, फलफूल १ हजार ८७५ हेक्टरमा २० हजार ५६३.७ मेट्रिक टन, तरकारी ४ हजार २४५.८ हेक्टरमा ४६ हजार १७४ मेट्रिक टन उत्पादन भएको छ ।

त्यसैगरी तेलहन ५९४ हेक्टरमा ५६२ दशमलव ८ मेट्रिक टन, मसला बाली १ हजार १९८ हेक्टरमा १० हजार ९८८ दशमलव ८ मेट्रिक टन र नगदेबाली २ हजार ५३४ हेक्टरमा ५० हजार ११० दशमलव ८ मेट्रिक टन उत्पादन भएको छ ।

**चैतेधान, आलु र खाद्यान्नमा जोड**

कार्यालयले वर्षभरि सञ्चालन गरेका कार्यक्रममध्ये चैतेधान उत्पादन प्रवर्द्धन उल्लेखनीय रहेको छ । ९५ हेक्टर लक्ष्य राखिएको कार्यक्रममा लक्ष्यअनुसारै काम सम्पन्न भएको र ८७ लाख ९७ हजार ८७० रूपैयाँ खर्च भएको छ । कार्यक्रमअन्तर्गत ३ हजार ८०५ रोपनी क्षेत्रमा चैतेधान खेती विस्तार भई करिब ८८६ दशमलव ५६ मेट्रिक टन उत्पादन हुने अनुमान गरिएको छ । ५७६ किसान लाभान्वित भएको तथा २ हजार ३ दशमलव ४ मिटर पक्की कुलो निर्माण भई करिब १२ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ ।

समुदायस्तरमा खाद्य आलु उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत ७४० रोपनीमा आलु खेती विस्तार गरी करिब ९८४ दशमलव ९४ मेट्रिक टन आलु उत्पादन भएको छ। कार्यक्रममा ६०४ जना लाभान्वित भएका छन् र कार्यक्रम सञ्चालन भएका स्थानमा आलुको उत्पादकत्व १८ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ ।

खाद्यान्न बाली उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत २ हजार ३०० रोपनीमा मकै खेती विस्तार गरी करिब ४०० दशमलव २ मेट्रिक टन मकै उत्पादन भएको तथा ३ हजार ७० रोपनीमा धान खेती विस्तार भई करिब ६०९ दशमलव ३९ मेट्रिक टन धान उत्पादन भएको छ। ३० रोपनीमा ४ दशमलव ४७ मेट्रिक टन गहुँ उत्पादन भएको र कार्यक्रमबाट १ हजार ५३ जना लाभान्वित भएका छन् ।

**फलफूल खेतीमा विस्तार**

फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रमबाट ७०० रोपनीमा लगाइएका फलफूल बगैंचाको सुदृढीकरण गरिएको छ । यसबाट फलफूल बगैंचाको उत्पादकत्व करिब १० प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ । त्यस्तै फलफूल

बाँकी अन्तिम पेजमा

# उपभोक्ता अदालतको औचित्य, अभ्यास र आगामी दिशा

बसन्त गौतम/काठमाडौं

हामी सबै नागरिक कुनै न कुनै रूपमा उपभोक्ता हौं । खाना, औषधि, कपडा, मोबाइल, सवारीसाधन, बैंक तथा बीमा सेवा, स्वास्थ्य उपचार, शिक्षा, इन्टरनेट, हवाई सेवा वा दैनिक उपभोगका अन्य वस्तु तथा सेवा प्रयोग गर्दा हामी उपभोक्ता बन्छौं । तर, वस्तु वा सेवा खरिद गर्दा ठगिएमा, गुणस्तरहीन वस्तु पाएमा वा सेवाका कारण क्षति भएमा न्याय खोज्ने प्रक्रिया भने अझै धेरै उपभोक्ताका लागि जटिल र महँगो छ । यही समस्यालाई सम्बोधन गर्न नेपालमा उपभोक्ता अदालतको व्यवस्था गरिएको हो ।

नेपालको न्यायिक इतिहास र नागरिक अधिकारको विकास क्रममा २०८१ माघ २८ गते प्रकाशित राजपत्रको सूचना र २०८१ फागुन २ गते (विश्व उपभोक्ता अधिकार दिवस) का अवसरमा तत्कालीन प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतद्वारा औपचारिक उद्घाटन भई सञ्चालनमा आएको उपभोक्ता अदालत एक ऐतिहासिक र युगान्तकारी कोशेढुङ्गा हो । लामो समयदेखि वस्तु तथा सेवाको गुणस्तरहीनता, बजारको मनपरी, सिन्डिकेट, कालोबजारी, अनुचित व्यापारिक क्रियाकलाप र उपभोक्तामाथि हुने ठगीका विरूद्ध प्रभावकारी कानुनी उपचार पाउनका लागि आम नागरिकले व्यहोर्नु परेको जटिलतालाई यस अदालतको स्थापनाले अन्ततः सम्बोधन गरेको छ। बजार र प्रविधिको विकास र विस्तारसँगै उपभोक्तासँग सम्बन्धित समस्या तथा विवादहरू तीव्ररूपमा बढ्दै गएको अवस्थामा यस्तो विशिष्टीकृत अदालतको आवश्यकता महसुस गरिएको हो ।

संवैधानिक दृष्टिकोणबाट हेर्दा नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने मौलिक हकको स्पष्ट प्रत्याभूति गरेको छ । यसका साथै गुणस्तरहीन वस्तु वा सेवाबाट कुनै पनि व्यक्तिलाई क्षति पुगेको खण्डमा कानुन बमोजिम उपयुक्त क्षतिपूर्ति पाउने हकलाई समेत मौलिक अधिकारकै रूपमा सुनिश्चित गरिएको छ । सोही संवैधानिक मर्मलाई व्यावहारिक रूप दिन उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिवक्ता कुमारी खरेलले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई रिट निवेदन दर्ता गर्नुभएको थियो। उक्त रिटमा सर्वोच्च अदालतले २०७८ साल चैत ८ गते उपभोक्ता अदालत गठन गर्नका लागि ऐतिहासिक आदेश जारी गऱ्यो । सोही न्यायिक आदेशको कार्यान्वयन गर्दै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१ माघ २१ गतेको निर्णय अनुसार काठमाडौं उपत्यकाका तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर) को क्षेत्राधिकार रहने गरी काठमाडौंमा उपभोक्ता अदालतको औपचारिक स्थापना भई सञ्चालनमा आएको हो ।

नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरीय वस्तु वा सेवाबाट क्षति पुगेमा कानुन बमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ । यसलाई कार्यान्वयन गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भयो । ऐनले उपभोक्ताको अधिकार संरक्षणसँगै उपभोक्ता विवादको न्यायिक निरूपणका लागि विशेष अदालतको व्यवस्था गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ ले सरकारले आवश्यकता अनुसार उपभोक्ता अदालत गठन गर्नसक्ने व्यवस्था गरेको छ । अदालतमा जिल्ला न्यायाधीश अध्यक्ष रहने र नेपाल न्याय सेवा तथा नेपाल सरकारका सम्बन्धित अधिकारी सदस्य रहने व्यवस्था छ । अदालतको मुकाम र क्षेत्राधिकार सरकारले तोक्ने कानुनी व्यवस्था गरिएको छ तर कानुन बनेपछि पनि लामो समयसम्म उपभोक्ता अदालत गठन भएन । अदालत गठन नभएसम्म उपभोक्ता अदालतले हेर्ने मुद्दा सम्बन्धित जिल्ला अदालतबाट हेर्ने व्यवस्था ऐनको दफा ४८ मा गरिएको थियो ।

**उपभोक्ता हित संरक्षणका बहुआयामिक पक्षहरू**

आधुनिक बजार व्यवस्था, सूचना प्रविधि र ई-कमर्सको तीव्र विकाससँगै उपभोक्ताका समस्या र विवादहरू अत्यन्त बहुआयामिक र जटिल बन्दै गएका छन् । परम्परागत भौतिक बजार प्रणाली डिजिटल र भर्चुअल

बाँकी तेश्रो पेजमा

# आँबुखैरेनीमा विद्यालय नेतृत्वसम्बन्धी कार्यशाला

भञ्ज्याङ समाचारदाता/आँबुखैरेनी

विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा सिकाइ उपलब्धि बढाउन विद्यालय नेतृत्वको भूमिका प्रभावकारी बनाउने उद्देश्यले तनहुँको आँबुखैरेनी गाउँपालिकामा सिकाइ नेतृत्वसम्बन्धी एकदिने शाखा प्रमुख निर्मला कुँवारले जानकारी गराइन् ।

'चिन्तनदेखि नेतृत्वसम्म' विषयमा केन्द्रित कार्यशालामा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, प्रभावकारी व्यवस्थापन, सिकाइ उपलब्धिमा सुधार तथा विद्यालय रूपान्तरणका लागि आवश्यक शैक्षिक नेतृत्वका विषयमा




कार्यशाला गरिएको छ ।

सहकार्यात्मक विद्यालय सञ्जाल र आँबुखैरेनी गाउँपालिकाको संयुक्त आयोजनामा सोमबार आयोजित कार्यशालामा गाउँपालिकाअन्तर्गत सञ्जालसँग आबद्ध विद्यालयका प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, पाठ्यक्रम व्यवस्थापक तथा सूचना अधिकृतहरूको सहभागिता रहेको शिक्षा छलफल गरिएको उनले जनाइन्। प्रमुख कुँवारका अनुसार सहभागीहरूले विद्यालय नेतृत्वका विभिन्न आयाम, शैक्षिक सुधारका असल अभ्यास, कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौती र आगामी कार्यदिशाबारे अनुभव आदानप्रदान गरेका थिए।

कार्यशालामा सरस्वती निकेतन

बाँकी अन्तिम पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# तनहुँको कृषि : उत्पादन बढ्दै, आत्मनिर्भरता अझै टाढा

तनहुँलाई कृषि सम्भावनाले भरिएको जिल्ला मानिन्छ । यहाँको भौगोलिक विविधता, उर्वर भूमि, विभिन्न हावापानी र कृषिमा संलग्न ठूलो जनशक्ति जिल्लाको कृषि विकासका आधार हुन्। तर यति हुँदाहुँदै पनि जिल्लाले आफ्नो वार्षिक खाद्यान्न आवश्यकता पूरा गर्न नसक्नु गम्भीर चिन्ताको विषय हो। कृषि विकास कार्यालय तनहुँको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदनले जिल्लाको कृषि क्षेत्रको सम्भावना र चुनौती दुवैलाई एकसाथ उजागर गरेको छ। प्रतिवेदनअनुसार तनहुँमा वार्षिक उपभोगका लागि १ लाख ३० हजार ८१ दशमलव ९ मेट्रिक टन खाद्यान्न आवश्यक पर्छ। तर जिल्लामा १ लाख २५ हजार ५८८ दशमलव ९ मेट्रिक टन मात्र उत्पादन भएको छ। अर्थात् करिब ४ हजार ४९२ मेट्रिक टन खाद्यान्न अपुग छ । यो तथ्यले तनहुँले कृषि उत्पादनमा केही प्रगति गरे पनि खाद्यान्नमा आत्मनिर्भर बन्न अझै धेरै काम गर्न बाँकी रहेको स्पष्ट पार्छ । अझ चिन्ताजनक पक्ष खेतीयोग्य जमिनको उपयोगसँग सम्बन्धित छ। जिल्लामा ६५ हजार ६१ हेक्टर खेतीयोग्य जमिन रहेकामा १३ हजार ५५१ हेक्टर अर्थात् २० प्रतिशतभन्दा बढी जमिन खेतीविहीन छ। एकातिर खाद्यान्न अपुग भइरहेको छ भने अर्कोतिर खेती गर्न मिल्ने जमिनको ठूलो हिस्सा बाँझो रहनु हाम्रो कृषि नीतिको विडम्बना हो। बाँझो जमिनलाई उत्पादनमा ल्याउने प्रभावकारी योजना अब विकल्प नभई आवश्यकता बनेको छ।

सिँचाइको अवस्था पनि उत्साहजनक छैन। खेती गरिएको जमिनमध्ये करिब २७ प्रतिशतमा मात्र सिँचाइ सुविधा पुगेको छ। बाँकी अधिकांश जमिन आकाशे पानीमा निर्भर छ। मौसममा आएको सामान्य परिवर्तनले पनि उत्पादन प्रभावित हुने अवस्था यही कारणले सिर्जना भएको हो। जलवायु परिवर्तनका कारण अतिवृष्टि, अनावृष्टि र अल्पवृष्टि बढ्दै गएको अवस्थामा आकाशे पानीमा निर्भर कृषि दीर्घकालीन रूपमा सुरक्षित हुन सक्दैन । यद्यपि कृषि विकास कार्यालयले सञ्चालन गरेका कार्यक्रमले केही सकारात्मक परिणाम देखाएका छन्। चैतेधान, आलु, खाद्यान्न, फलफूल र व्यावसायिक तरकारी खेती विस्तार भएका छन्। विभिन्न कृषि कार्यक्रमबाट ७ हजारभन्दा बढीका लागि पूर्ण तथा आंशिक रोजगारी सिर्जना हुनु पनि महत्वपूर्ण उपलब्धि हो। कृषि उत्पादनलाई लेबलिङ, प्याकेजिङ, ब्रान्डिङ र बजारीकरणसँग जोडेर ११ वटा कृषि उद्यम स्थापना हुनु कृषि क्षेत्रलाई व्यवसायीकरणतर्फ लैजाने सकारात्मक संकेत हो । तर अनुदान वितरण र कार्यक्रम सञ्चालनलाई मात्र कृषि विकासको उपलब्धि मान्न सकिँदैन। उत्पादन भएको वस्तुले उचित मूल्य पाउने, बजार सुनिश्चित हुने, भण्डारणको व्यवस्था हुने र किसानले आ´नो श्रमको उचित प्रतिफल पाउने अवस्था सिर्जना हुनुपर्छ। अन्यथा उत्पादन बढाउने कार्यक्रमले मात्र किसानलाई दीर्घकालीन रूपमा कृषिमा टिकाइराख्न सक्दैन । छ महिनामै तनहुँमा २ हजार ९०७ मेट्रिक टन कृषि उपज आयात हुनु र ५४२ मेट्रिक टन मात्र निर्यात हुनु पनि आत्मसमीक्षाको विषय हो। विशेषगरी तरकारी, फलफूल र खाद्यान्नमै ठूलो परिमाणमा आयात भइरहनुले स्थानीय उत्पादन र उपभोगबीचको दूरी देखाउँछ। जिल्लामा उत्पादनको सम्भावना हुँदाहुँदै बाहिरबाट कृषि उपज ल्याउनुपर्ने अवस्थाको अन्त्य गर्न उत्पादन, संकलन, भण्डारण र बजारलाई एउटै प्रणालीमा जोड्न आवश्यक छ ।

कृषि क्षेत्रका समस्या किसानको मात्र समस्या होइन । खाद्यान्न उत्पादन घट्नु भनेको खाद्य सुरक्षामा चुनौती आउनु हो। खेतीयोग्य जमिन बाँझिँदै जानु भनेको भविष्यको उत्पादन क्षमता कमजोर हुनु हो। युवा जनशक्ति कृषिबाट बाहिरिँदै जानु भनेको कृषि क्षेत्रमा श्रम अभाव बढ्नु हो। त्यसैले स्थानीय तह, प्रदेश र सङ्घीय सरकारले कृषि नीतिलाई नाराभन्दा परिणामसँग जोड्नुपर्छ । तनहुँमा बाँदरको समस्या, रासायनिक मलको अभाव, सिँचाइको कमी, दक्ष जनशक्तिको अभाव र जलवायु परिवर्तनका असरलाई पनि बेवास्ता गर्न मिल्दैन। यी समस्या समाधान नगरी केवल अनुदानका कार्यक्रम थप्दै जानुले अपेक्षित परिणाम दिन सक्दैन। बाँदर नियन्त्रण, सिँचाइ विस्तार, गुणस्तरीय बीउ, कृषि यान्त्रिकीकरण, बीमा, प्राविधिक सेवा र बजार व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाउनुपर्छ । अबको कृषि नीति उत्पादन बढाउनेमा मात्र सीमित हुनु हुँदैन। कुन क्षेत्रमा कुन बाली उपयुक्त हुन्छ, किसानलाई कसरी बजारसँग जोड्ने, उत्पादन कसरी सुरक्षित राख्ने र कृषि उपजको मूल्य कसरी बढाउने भन्ने विषयमा स्पष्ट योजना आवश्यक छ। बाँझो जमिनलाई उत्पादनमा ल्याउन इच्छुक किसान, युवा र सहकारीलाई प्रोत्साहन गर्दै सामूहिक तथा व्यावसायिक खेतीको वातावरण निर्माण गर्नुपर्छ ।

आगामी आर्थिक वर्षका लागि खाद्यान्न, चैतेधान, फलफूल, आलु, तरकारी, जलवायुमैत्री कृषि, रैथाने बाली तथा कृषि उद्यमलाई प्राथमिकता दिनु सकारात्मक छ। तर कार्यक्रमको सफलता बजेट खर्चको प्रतिशतले होइन, किसानको आम्दानी, उत्पादनको वृद्धि र आयात घटेको परिणामले मापन गरिनुपर्छ । तनहुँको कृषि क्षेत्र असफल भएको होइन, तर उपलब्ध सम्भावनाअनुसार अघि बढ्न सकेको छैन। अबको आवश्यकता नयाँ कार्यक्रम थप्नु मात्र होइन, भएका कार्यक्रमलाई परिणाममुखी बनाउनु हो। खाद्यान्नमा आत्मनिर्भर तनहुँ निर्माण गर्ने लक्ष्यलाई स्थानीय तहदेखि प्रदेश र सङ्घीय तहसम्म साझा अभियानका रूपमा अघि बढाउन सके मात्र बाँझो जमिन उत्पादनशील बन्नेछ, किसानको आम्दानी बढ्नेछ र कृषि क्षेत्रले जिल्लाको अर्थतन्त्रलाई बलियो आधार दिन सक्नेछ ।

# स्वास्थ्य प्रवर्द्धनका लागि रसायन चिकित्सा

आयुर्वेदमा रसायन चिकित्साको विस्तृत व्याख्या गरेका छन्। यस पद्धतिले केवल रोगको उपचार मात्र नगरेर दीर्घायु, रोगप्रतिरोधी क्षमता र मानसिक प्रखरता विकास गर्ने उद्देश्य राख्दछ । यस चिकित्साले शरीरका सात धातुलाई पोषित गरी बुढ्यौलीको गतिलाई ढिलो बनाउँछ। यस अन्तर्गत कुटीप्रवेशिक र वातातपिक जस्ता स्वेदन विधिहरूका साथै अमला, अश्वगन्धा र शिलाजीत जस्ता जडीबुटीको प्रयोगबारे चर्चा गरिएको छ । आधुनिक समयमा एन्टी-एजिङ र इम्युनिटी बुस्टरका रूपमा सान्दर्भिक मानिने यो पद्धति अपनाउँदा विशेषज्ञको सल्लाह र अनुशासित जीवनशैली अनिवार्य हुने कुरामा स्रोतहरूले जोड दिएका छन् । यसले समग्रमा, शारीरिक र मानसिक स्वास्थ्य सुधार गरी जीवनको गुणस्तर अभिवृद्धि गर्ने प्राचीन आयुर्वेदिक ज्ञानको मार्गचित्र प्रस्तुत गर्दछ ।

**रसायनका प्रकारहरु**

चरक संहितामा रसायन विधिलाई मुख्यतया दुई भागमा वर्गीकरण गरिएको छ :

**कुटीप्रवेशिक रसायनः** यसमा व्यक्तिलाई विशेष रूपमा बनाइएको र सुरक्षित कुटी (घर) भित्र राखेर कठोर नियमहरु पालना गराइन्छ । यो विधि अत्यन्तै प्रभावकारी र शक्तिशाली मानिन्छ। यस विधिका मुख्य नियमहरु निम्न अनुसार छन्:

**कुटीमा बस्नुपर्ने:** यो विधि विशेष रूपमा बनाइएको र संरक्षित कुटी (घर) भित्रै बसेर गरिन्छ । यसमा व्यक्ति बाह्य वातावरण र सामान्य सम्पर्कबाट अलग रहनुपर्छ ।

**कठोर अनुशासन:** कुटीप्रवेशिक विधिमा रहँदा व्यक्तिले अत्यन्तै कठोर नियमहरु (Strict rules) पालना गर्नु अनिवार्य हुन्छ।

**शरीर शुद्धि (पूर्वकर्म):** रसायन औषधि सेवन गर्नुअघि पञ्चकर्म मार्फत शरीरको पूर्ण शुद्धि गरी दोषहरूलाई सन्तुलनमा ल्याउनुपर्छ ।

**व्यवस्थित आहार र आचरण:** औषधि सेवनका साथसाथै चिकित्सकले तोकेको विशेष आहार नियम र सदाचार रसायन (नैतिक तथा अनुशासित आचरण) को पूर्ण पालना गर्नुपर्छ ।

**विशेषज्ञको निगरानी:** यो विधि जटिल र शक्तिशाली हुने भएकाले यो सदैव विशेषज्ञ चिकित्सकको प्रत्यक्ष मार्गदर्शन र रेखदेखमा मात्र गर्नुपर्छ ।

**पूर्ण निषेध:** चिकित्सा अवधिभर मदिरा, धूम्रपान र अन्य अस्वस्थकर बानीहरु पूर्ण रूपमा त्याग्नुपर्छ ।

- **वातातपिक रसायन:** यो विधि सामान्य दैनिक कामकाज र जीवनशैली अपनाउँदै गर्न सकिन्छ। यो व्यवहारिक र सहज हुने भएकाले धेरैका लागि उपयुक्त हुन्छ। यसलाई सामान्य हावा र घाम (वात र आतप)को सम्पर्कमा रहेर गर्न सकिन्छ । यस विधिका मुख्य नियम र प्रक्रियाहरु यस प्रकार रहेका छन् :

**पूर्वकर्म (शरीर शुद्धि):** रसायन औषधि सेवन गर्नुअघि पञ्चकर्म मार्फत शरीरको शुद्धि गर्नु र शरीरका दोषहरूलाई सन्तुलनमा ल्याउनु अनिवार्य मानिन्छ ।

**सामान्य जीवनशैलीको निरन्तरता:** यो विधिको मुख्य विशेषता भनेको व्यक्तिले आफ्नो दैनिक कामकाज र सामान्य जीवनशैली जारी राख्दै औषधि सेवन गर्न सक्छ। यसका लागि कुटीप्रवेशिक विधिमा जस्तो विशेष घर (कुटी) भित्रै बस्नु पर्ने बाध्यता हुँदैन ।

**आहार नियमको पालना:** औषधि सेवनको समयमा विशेष आहार नियमहरु पालना गर्नुपर्छ। यस अन्तर्गत सन्तुलित, पौष्टिक र ताजा खाना खानु आवश्यक हुन्छ।

**सदाचार र आचरण नियम:** यस विधिमा सदाचार (राम्रो आचरण) पालन गर्नुलाई 'प्रधान कर्म' को रूपमा राखिएको छ। नैतिक व्यवहार, मानसिक शान्ति र अनुशासन यस विधिको महत्वपूर्ण हिस्सा हुन् ।

**निषेध र सावधानी:** रसायन सेवन गर्दा मदिरा, धूम्रपान र अन्य अस्वस्थकर बानीहरु पूर्ण रूपमा । साथै, पर्याप्त निद्रा लिने र तनाव नियन्त्रण गर्ने नियम पनि पालना गर्नुपर्छ ।

**चिकित्सकको मार्गदर्शन:** यो विधि सहज भए तापनि औषधि र यसको मात्रा सधैं विशेषज्ञ चिकित्सकको सल्लाह अनुसार मात्र तय गरिनुपर्छ ।




**कुटीप्रवेशिक र वातातपिक रसायन विधिका मुख्य मुख्य फाइदा**

चरक संहिताका अनुसार रसायन चिकित्सालाई दुई मुख्य विधिमा वर्गीकरण गरिएको छ, र ती दुवैका आफ्नै विशिष्ट फाइदा र विशेषताहरु छन् । यी दुई विधिका मुख्य फाइदाहरु निम्न प्रकार छन्:

**१. कुटीप्रवेशिक रसायन** (Kutipraveshika Rasayana)

यो विधि विशेष रूपमा निर्माण गरिएको र संरक्षित कुटी (घर) भित्र बसेर कठोर नियमहरूको पालना गर्दै गरिन्छ । यसका मुख्य फाइदाहरु निम्न हुन्:

- **अधिक प्रभावकारिता:** यो विधिलाई रसायन चिकित्साको सबैभन्दा प्रभावकारी रूप मानिन्छ। बाहिरी वातावरणबाट अलग रहेर गरिने हुनाले यसले शरीरमा गहिरो र शक्तिशाली प्रभाव पार्छ ।
- **गहिरो पुनर्जीवन:** यसले शरीरका सातवटै धातुहरूलाई उच्च स्तरको पोषण प्रदान गरी शरीरलाई पूर्ण रूपमा पुनर्जीवित (Rejuvenation) बनाउँछ ।
- **सघन स्वास्थ्य लाभ:** यसले स्मरण शक्ति, बुद्धि, ओज (Immunity) र शारीरिक बललाई अत्यन्तै उच्च स्तरमा पुऱ्याउन सहयोग गर्छ ।

**२. वातातपिक रसायन** (Vatatapika Rasayana)

यो विधि सामान्य दैनिक जीवनशैली, कामकाज, र हावा एवं घाम (वात र आतप)को सम्पर्कमा रहँदै अपनाउन सकिन्छ। यसका मुख्य फाइदाहरु निम्न हुन्:

- **व्यवहारिक र सहज:** यो विधि अपनाउनका लागि विशेष कुटीमा थुनिएर बस्नु पर्दैन, त्यसैले यो व्यस्त र आधुनिक जीवनशैली भएका व्यक्तिहरूका लागि अत्यन्तै सहज र व्यावहारिक छ ।
- **दैनिक जीवनसँग अनुकूल:** व्यक्तिले आफ्नो नियमित सामाजिक र व्यावसायिक जिम्मेवारीहरु पूरा गर्दै औषधिको लाभ लिन सक्छ ।
- **पहुँचयोग्य:** यसमा कुटीप्रवेशिक जस्तो कठोर बन्देज नहुने भएकाले यो सबैका लागि सुलभ र प्रयोग गर्न सजिलो छ ।

**दुवै विधिबाट प्राप्त हुने साझा लाभहरु**

चाहे कुटीप्रवेशिक होस् वा वातातपिक, विधिपूर्वक रसायन सेवन गर्दा निम्न साझा फाइदाहरु प्राप्त हुन्छन्:

- **दीर्घायु र एण्टी-एजिङ:** बुढ्यौलीको प्रक्रियालाई ढिलो पार्दै शरीरलाई लामो समयसम्म युवा अवस्थामा राख्न र आयु बढाउन मद्दत गर्छ ।
- **रोगप्रतिरोध क्षमतामा वृद्धि:** शरीरमा 'ओज' बढाएर प्राकृतिक रूपमै रोगसँग लड्ने शक्ति सुदृढ बनाउँछ ।
- **मानसिक र शारीरिक विकास:** स्मरण शक्ति बढाउने, तनाव कम गर्ने, छालालाई चम्किलो बनाउने र शरीरलाई बलियो एवं ऊर्जावान् बनाउने काम गर्छ।

पूर्ण विरक्ति र सघन उपचारका लागि कुटीप्रवेशिक र सामान्य जीवनयापन गर्दै स्वास्थ्य जोगाउन वातातपिक रसायनको प्रयोग गरिन्छ । दुवै अवस्थामा पञ्चकर्मद्वारा शरीर शुद्धि (पूर्वकर्म) गर्नु अनिवार्य मानिन्छ । सामान्यतया यी दुवै विधिहरु निम्न अवस्थाहरूमा प्रयोग गरिन्छन्:

- **रोग निवारणात्मक** (Preventive): रोगहरु लाग्न नदिन र शरीरको रोगप्रतिरोधी

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

| | | | | | |
|---|---|---|---|---|---|
| **मेष** | **वृष** | **मिथुन** | **कर्कट** | **सिंह** | **कन्य** |
| प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। समय लागे पनि तारिफयोग्य कामले अरूको उपकार गर्न सकिनेछ। | प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। सेवामूलक कामबाट धनलाभ हुनेछ। स्वास्थ्य सबल रहनेछ। | अध्ययनमा प्रगति हुनुका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। | साझेदारीमा देखिएका समस्या सुल्झाउन सकिनेछ। साथीभाइ र सहयोगीहरूले साथ दिनेछन्। | अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। नयाँ काम गर्ने अवसर प्राप्त हुनेछ। सामाजिक दायित्व बढ्नेछ। | घरेलु प्रयोजनका विशेष सामान जुटाउन सकिनेछ। पशुधन र कृषि-व्यवसायतर्फ मनग्य लाभ हुनेछ। |
| **तुला** | **वृश्चिक** | **धनु** | **मकर** | **कुम्भ** | **मीन** |
| परिस्थितिवश चिताएको काम रोकिन सक्छ। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। | अवसरले आत्मबल बढ्नेछ र काममा सफलता प्राप्त हुनेछ। छोटो समयमा फाइदा लिन सकिनेछ। | व्यवसायका लागि सम्भावना खोजी गर्ने समय छ। तर, मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा पुग्न बाधा पर्नेछ। | मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। | रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। | यात्रा र आतिथ्य खर्चिलो बन्नेछ। वचन पूरा गर्न नसक्दा घर-व्यवहारमा पनि समस्या आउन सक्छ। |

# उपभोक्ता अदालतको ....

प्लेटफर्ममा रूपान्तरण भइरहँदा उपभोक्तामाथि हुने ठगी, भ्रमपूर्ण विज्ञापन र गैरकानुनी शुल्क असुलीका स्वरूपहरू पनि फेरिएका छन् । यस परिवेशमा उपभोक्ता हित संरक्षण केबल बजारमा गरिने आकस्मिक अनुगमन वा पसल 'सिल' गर्ने प्रशासनिक कारबाहीमा मात्र सीमित रहन सक्दैन । वस्तुतः उपभोक्ता हित संरक्षण, सुशासन कायम गर्ने प्रक्रिया र स्वच्छ बजार प्रणाली निर्माण गर्ने अभियान एकअर्कासँग अन्तरसम्बन्धित र परिपूरक रहेका छन्।

यस सन्दर्भमा उपभोक्ता हित संरक्षण मञ्च नेपालले सुशासन, उपभोक्ता हित संरक्षण र स्वच्छ बजारलाई आफ्ना प्रमुख तीन कार्यक्षेत्रका रूपमा अघि बढाउँदै आएको छ । स्थानीय, प्रादेशिक र संघीय तीनवटै तहमा स्वच्छ बजार व्यवस्थापन कायम गर्नका लागि उपभोक्तासँग सम्बन्धित नीति तथा कानुनमा सहजीकरण गर्ने कार्य मञ्चले गर्दै आएको छ। यसका साथै आम नागरिकको हितसँग जोडिएका विषयमा उपभोक्ता सरोकारको मुद्दा वा सार्वजनिक हितको मुद्दामार्फत न्यायिक निकायमा बहस पैरवी गर्ने काम भइरहेको छ । अर्कोतर्फ, उपभोक्ता अधिकारलाई आधारभूत मानवअधिकारकै अङ्गका रूपमा स्थापित गर्दै व्यवसाय र मानवअधिकारको अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ ।

त्यस्तै, उपभोक्ता हित संरक्षणको अर्को महत्वपूर्ण आयाम जनस्वास्थ्य र नसर्ने रोगहरूको रोकथामसँग जोडिएको छ । बजारमा उपलब्ध हुने खाद्यवस्तु र पेय पदार्थको गुणस्तरले नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने भएकाले सुर्तीजन्य र मदिराजन्य पदार्थको उपभोग नियन्त्रण एवं नियमनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ । प्याकेट बन्द खाद्यवस्तुहरूमा अग्रभागको लेबलिङ अनिवार्य गर्ने, अत्यधिक नून र चिनी भएका हानिकारक खानेकुराको बिक्रीमा नियन्त्रण गर्ने तथा स्वच्छ खानपान र शारीरिक व्यायाम सम्बन्धी चेतना फैलाउने कार्यहरू पनि उपभोक्ता हित संरक्षणकै अभिन्न अङ्गका रूपमा रहेका छन् ।

**उपभोक्ता अदालतको क्षेत्राधिकार, प्रक्रिया र प्रारम्भिक अभ्यास**

उपभोक्ता अदालतको कानुनी अधिकारक्षेत्र र क्षेत्राधिकारको दायरालाई उपभोक्ता संरक्षण ऐन, २०७५ ले स्पष्ट रूपमा परिभाषित गरेको छ । उक्त ऐनको दफा ५८ अनुसार नेपाल सरकार वादी हुने फौजदारी प्रकृतिका कसुरहरूसम्बन्धी मुद्दाहरू उपभोक्ता अदालतमा चल्ने व्यवस्था गरिएको छ। त्यसैगरी ऐनको दफा ५० बमोजिम व्यवसायी वा सेवा प्रदायकको अनुचित कार्यबाट क्षति पुगेको अवस्थामा क्षतिपूर्तिको दाबी गर्न सकिने देवानी प्रकृतिका मुद्दाहरू पनि यसै अदालतको अधिकारक्षेत्रभित्र पर्दछन् ।

अदालत समक्ष शारीरिक, मानसिक, आर्थिक, भौतिक वा अन्य कुनै पनि किसिमको क्षति व्यहोर्नुपरेमा क्षतिपूर्तिको दाबी लिएर पुग्न सकिने व्यवस्था छ । यस्तो क्षतिपूर्तिको दाबी मर्का पर्ने उपभोक्ता स्वयंले दर्ता गराउन सक्दछन् । यदि उपभोक्ता स्वयं अदालत जान असमर्थ भएमा वा निजको मृत्यु भएको अवस्थामा निजको हकवाला वा निजको तर्फबाट दर्तावाल उपभोक्ता संघसंस्थाले समेत मुद्दा दायर गर्न सक्ने लचिलो कानुनी व्यवस्था गरिएको छ । यस व्यवस्थाले कानुनी प्रक्रियामा आम नागरिकको पहुँचलाई सुगम बनाएको छ ।

उपभोक्ता अदालत सञ्चालनमा आएको छोटो अवधिभित्रै केही अत्यन्त महत्त्वपूर्ण र नजीरयोग्य मुद्दाहरूको सुनुवाइ भई फैसलाहरू समेत भइसकेका छन् । उदाहरणका लागि, अधिवक्ता वसन्त गौतमविरूद्ध ओम हस्पिटल एण्ड रिसर्च सेन्टरसमेत भएको मुद्दामा स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा भएको लापरबाही र अनुचित व्यापारिक क्रियाकलापका विरूद्ध क्षतिपूर्तिको सिद्धान्त प्रतिपादन भएको छ । त्यसैगरी सावित्री खत्री थापाविरूद्ध स्वस्तिक शिल्भर प्यालेस समेतको मुद्दामा गुणस्तरहीन वस्तुको बिक्री तथा व्यापारिक ठगीविरूद्ध उपभोक्ताको पक्षमा महत्त्वपूर्ण निर्णय भएको छ। यी सुरूआती न्यायिक फैसलाहरूले आम नागरिकमा आफूमाथि भएको अन्यायविरूद्ध कानुनी उपचार पाइन्छ भन्ने आत्मविश्वास र भरोसा जगाउन सफल भएका छन् ।

**दुष्कृति र मास टर्ट/क्लास एक्सनको नयाँ सम्भावना**

नेपालको कानुनी अभ्यासमा दुष्कृति ऐनको प्रयोग अहिलेसम्म निकै सीमित र प्रारम्भिक चरणमा मात्र रहेको थियो तर उपभोक्ता अदालतको गठनसँगै दुष्कृति कानुन अन्तर्गत 'मास टर्ट' र 'क्लास एक्सन' (समूहगत वा वर्गगत मुद्दा) को नयाँ सम्भावनाको ढोका खुलेको छ । जब कुनै व्यवसायी, उद्योग वा सेवाप्रदायकको कुनै कार्य वा अकर्मण्यता/लापरबाहीका कारण ठूलो संख्याका उपभोक्ता वा सिङ्गो समाज नै प्रभावित हुन्छ, तब प्रत्येक पीडितले छुट्टाछुट्टै मुद्दा हाल्नुको सट्टा सामूहिक रूपमा वर्गगत मुद्दा चलाउन सक्ने कानुनी वातावरण बनेको छ । अन्तर्राष्ट्रिय न्यायिक अभ्यासमा यस्ता सामूहिक मुद्दाहरूको ठूलो महत्त्व रहेको छ। फक्सवागन कम्पनीले सवारी साधनको उत्सर्जन परीक्षणमा गरेको धाँधली, एप्पल कम्पनीले पुराना फोनहरूको ब्याट्री स्लो गराएको काण्ड वा फेसबुकले प्रयोगकर्ताहरूको व्यक्तिगत डाटा गोपनीयता उल्लङ्घन गरेको विषयमा परेका 'क्लास एक्सन' मुद्दाहरू यसका उत्कृष्ट उदाहरण हुन् । नेपालको बजारमा पनि यस्तै किसिमका सामूहिक ठगी र लापरबाहीका अनेकौं सम्भावित क्षेत्रहरू रहेका छन् ।

खासगरी खाद्यवस्तु बिग्रन वा किरा नलागोस् भनी चामल तथा खाद्यान्नमा घातक विषादी मिसाउने कार्य, तोकिएको तौलभन्दा कम अर्थात् आधा मात्र ग्यास भरिएका एलपीजी सिलिन्डर बिक्री वितरण गर्ने प्रवृत्ति, गलत वा त्रुटिपूर्ण प्याथोलोजी ल्याब रिपोर्टका आधारमा हुने गलत स्वास्थ्य उपचार तथा विद्युत्, टेलिफोन, इन्टरनेट, बैकिङ वा सार्वजनिक यातायातजस्ता अत्यावश्यकीय सेवामा उपभोक्ताबाट गैरकानुनी रूपमा उठाइने अतिरिक्त शुल्कहरू मास टर्टका प्रत्यक्ष उदाहरण हुन्। यस्ता प्रकृतिका व्यापक ठगीविरूद्ध सामूहिक रूपमा क्लास एक्सन मुद्दाहरू उल्लेख्य रूपमा दर्ता गर्ने र गराउने दायित्व हामी सबैको हो ।

**सातै प्रदेशमा विस्तार र उपभोक्ता अदालतको सफलताका शर्तहरू**

वर्तमान अवस्थामा उपभोक्ता अदालतको कानुनी क्षेत्राधिकार काठमाडौं उपत्यकाका तीन जिल्लामा मात्र सीमित रहेको छ । तर नेपालको सङ्घीय ढाँचा अनुसार देशका सातै प्रदेशमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरू उपभोक्ता हुन् र उनीहरू पनि उत्तिकै ठगी, मिसावट र व्यापारिक शोषणको जोखिममा रहेका छन् । त्यसैले उपभोक्ता न्यायको पहुँचलाई देशव्यापी बनाउन काठमाडौंमा सीमित अदालतलाई अविलम्ब सातै प्रदेशमा विस्तार गर्नु अनिवार्य भइसकेको छ ।

सातै प्रदेशमा उपभोक्ता अदालतको स्थापना र अदालतको सफलता नै उपभोक्ताको सफलता हो भन्ने मान्यतालाई आत्मसात गर्दै यसलाई सफल बनाउन केही महत्वपूर्ण कानुनी र व्यावहारिक कदमहरू चाल्नुपर्छ । उपभोक्ता संरक्षण ऐन, २०७५ बाहेक वस्तु तथा सेवासँग सम्बन्धित अन्य विशेष ऐनहरू जस्तै- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, गुणस्तर तथा नापतौल ऐन, औषधि ऐन, र सवारी तथा यातायात व्यवस्था ऐनलगायतका कानुनअन्तर्गतका कसुरहरूको सुरू कारबाही र किनारा गर्ने अधिकार पनि उपभोक्ता अदालतलाई नै तोक्न आवश्यक कानुनी संशोधन र पहल गरिनुपर्छ ।

उपभोक्ता संरक्षण ऐनको दफा ५८ अनुसार नेपाल सरकारवादी हुने फौजदारी प्रकृतिका मुद्दाहरू उल्लेख्य रूपमा दर्ता गराउन सरकारी वकिल र अनुगमन निकायहरूले सक्रियता देखाउनुपर्छ । कानुन व्यवसायीहरूका लागि पनि यो एक नयाँ र फराकिलो कार्यक्षेत्र हो । कानुन व्यवसायीहरूले केवल परम्परागत फौजदारी वा देवानी मुद्दामा मात्र सीमित नरही उपभोक्ता हित, टर्ट ल र क्लास एक्सनको क्षेत्रमा आ`नो पेसागत दायरा र दक्षता विस्तार गर्नुपर्छ । उता सञ्चारमाध्यम र नागरिक समाजले पनि बजारका विकृतिहरूको पर्दाफास गर्दै पीडित उपभोक्तालाई कानुनी उपचारको प्रक्रियासम्म पुर्‍याउन र सातै प्रदेशमा उपभोक्ता अदालतको स्थापनालाई सफल बनाउन सहयोग र अभिभावकीय भूमिका निर्वाह गर्नु आवश्यक छ ।

समग्रमा भन्नुपर्दा, उपभोक्ता संरक्षण केबल बजारमा गरिने सामान्य निरीक्षण वा प्रशासनिक सजायमा मात्र सीमित विषय होइन । यो नागरिकको संवैधानिक मौलिक हक, जनस्वास्थ्य, मानव अधिकार र मुलुकको समग्र सुशासनसँग प्रत्यक्ष जोडिएको गम्भीर मुद्दा हो । सर्वोच्च अदालतको ऐतिहासिक निर्देशनात्मक आदेश, मन्त्रिपरिषद्को निर्णय र उपभोक्ता अदालतको औपचारिक सञ्चालनले नेपालमा उपभोक्ता न्यायको एक नयाँ बिहानीको सुरूवात गरेको छ। अहिले प्रारम्भिक चरणमा रहेको काठमाडौं उपत्यकाको उपभोक्ता अदालतलाई आवश्यक स्रोत-साधन र जनशक्ति उपलब्ध गराई बलियो बनाउँदै सातै प्रदेशमा यसको संरचना विस्तार गरिनुपर्छ । राज्यका निकाय, अदालत, कानुन व्यवसायी, सञ्चारमाध्यम, नागरिक समाज र उपभोक्ता स्वयं जागरूक र जिम्मेवार बनेमा मात्र स्वच्छ बजार, सुरक्षित उपभोक्ता र सुशासित समाजको राष्ट्रिय संकल्प पूरा हुनसक्छ ।

(लेखक अधिवक्ता एवं उपभोक्ता अधिकारको क्षेत्रमा क्रियाशील छन्।)

# स्वास्थ्य प्रवर्द्धनका लागि .........

क्षमता (Immunity) बढाउन ।

- **पुनर्जीवन** (Rejuvenation): कुनै कडा रोग निको भएपछिको शारीरिक कमजोरी हटाउन र शक्ति पुनःस्थापना गर्न ।
- **वृद्धावस्था व्यवस्थापन** (Geriatric Care): बुढ्यौलीका लक्षणहरु कम गर्न र एण्टी-एजिङ उपचारको रूपमा ।
- **मानसिक र बौद्धिक विकासका लागि:** स्मरण शक्ति बढाउन, बुद्धि विकास गर्न र तनाव न्यूनीकरण गर्न।
- **बाल विकासका लागि:** बालबालिकाको शारीरिक र मानसिक वृद्धिका लागि (विशेष गरी कश्यप संहिता अनुसार ।

शरीरका सात धातुहरु-रस, रगत (रक्त), मांस, मेद, अस्थि, मज्जा र शुक्रलाई गहिरो पोषण प्रदान गरी शरीरलाई शारीरिक र मानसिक रूपमा सशक्त बनाउनुका साथै रसायन चिकित्साले मानव शरीरमा रोग निवारणात्मक (Preventive) उपचारात्मक (Curative) पुनर्जीवन (Rejuvenation) वृद्धावस्था व्यवस्थापन गर्दछ। कुटीप्रवेशिक विधि बढी सघन र प्रभावकारी हुन्छ तर यसका लागि पूर्णतः छुट्टै वातावरण चाहिन्छ, जबकि वातातपिक विधि व्यस्त जीवनशैली भएका व्यक्तिहरूका लागि उपयुक्त र व्यवहारिक हुन्छ। यद्यपि कुन विधि अपनाउने भन्ने कुरा व्यक्तिको शारीरिक क्षमता, उपलब्ध समय र चिकित्सकको सल्लाहमा निर्भर गर्दछ ।

*(लेखक प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँका वरिष्ठ कविराज निरिक्षक हुन्)*


## व्यक्ति एउटै भएको सूचना



तनहुँ जिल्ला साविक भानुमती गा.वि.स. वडा नं. ८ हाल भिमाद नगरपालिका वडा नं. ९ बस्ने भारतीय भु.पु.नं. ५०४३५६९K दर्जा हवल्दार पल्टन १ जि.आर. का **नविन कुमार राना**को श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणप पत्रमा निजको नामथर **छली माया राना मगर, जन्म मिति वि.सं. २०१६/०१/१०**, श्रीमानको नामथर **नविन कुमार राना मगर** उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर **छली माया राना,** जन्म मिति र श्रीमानको नामथर फरक परेता पनि व्यक्ति एउटै भएको भनि भिमाद नगरपालिका, ९ नं. वडा कार्यालयको च.नं. ४५४, मिति २०७४/१२/१५ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ ।**



त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धत प्राप्त

## जनज्योति क्याम्पस

**भिमाद नगरपालिका-६, तनहुँ**

## सहायक प्राध्यापक आवश्यकता

जनज्योति क्याम्पस भिमाद न.पा. तनहुँलाई स्नातक तह शिक्षाशास्त्र संकायमा अध्यापन गर्नका लागि पूर्णकालीन सहायक प्राध्यापक आवश्यक परेकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट Bio-data सहित कार्यालय समयभित्र क्याम्पस प्रशासनमा आईपुग्ने गरी दरखास्त अब्हान गरिन्छ ।

**तपसिल**

१) **पद** : सहायक प्राध्यापक (पूर्णकालीन)
२) **विषय** : नेपाली
३) **आवश्यक संख्या** : १ जना
४) **शैक्षिक यौग्यता** : M.Ed. (कम्तिमा द्वितिय श्रेणीमा उत्तीर्ण)
५) **दरखास्त शुल्क** : ३,०००/- (तीन हजार रूपैयाँ)
६) **तलब** : त्रि.वि. नियमलाई आधार मानि आपसी समझदारीमा
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोट साइजको एक प्रति फोटो, हस्तलिखित निवेदन,
८) **परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन,
९) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०५/१७
१०) **सम्पर्क मिति** : २०८३/०५/१८
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
१२) **सम्पर्क नं.** : ०६५-५७२४५५, ९८५६००१४५५

इमेलबाट दरखास्त दिन र QR Scan गरी दरखास्त शुल्क भुक्तानी गर्न सकिन्छ

We Accept fonepay
JANAJYOTI CAMPUS
Terminal : 2222410019682052
Bank Branch : BHIMAD BRANCH
NMB BANK एनएमबि बैंक

**E-mail: janajyoticampusbhimad@gmail.com**
**Website: www.janajyoticampus.edu.np**

**क्याम्पस प्रमुख**



त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

## आदिकवि भानुभक्त क्याम्पस

व्यास-१, विज्ञानचौर, दमौली, तनहुँ

**विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत (२०८०)**

## खुला पुस्तक समीक्षा कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०५/०९)**

आदिकवि भानुभक्त क्याम्पसको ४०औँ वार्षिकोत्सवको एवं **राष्ट्रिय पुस्तकालय दिवस-२०८३** को अवसरमा यस क्याम्पस र एकदेव आले पुस्तकालय एवं चिन्तन प्रतिष्ठान, दमौली, तनहुँको संयुक्त आयोजनामा मिति २०८३ भाद्र १५ गते हुने **खुला पुस्तक समीक्षा कार्यक्रम**मा पुस्तक समीक्षकका रूपमा सहभागी भई आफ्नो विश्लेषणात्मक प्रस्तुति दिन इच्छुक समुदाय/क्याम्पसमा अध्ययनरत प्राध्यापक, विद्यार्थी तथा अनुसन्धानकर्ताहरूले क्याम्पस प्रशासनमा नाम दर्ता गर्नुहुन सूचित गरिन्छ ।

**क) समीक्षा तयार गर्दा ध्यान दिनुपर्ने मुख्य बुँदाहरु :**
१) **प्रारम्भिक परिचय** : पुस्तकको नाम, लेखक, प्रकाशक, मूल्य र विधा स्पष्ट खुलाउने ।
२) **सार संक्षेप र तटस्थता:** पुस्तकको मूल विषयवस्तु पूर्वाग्रहमुक्त भई वस्तुनिष्ठ मूल्याङ्कन गर्ने।
३) **सबल र दुर्बल पक्षको विश्लेषण** : लेखकको भाषा, शैली, पात्र विधान, विचार वा तर्कको विश्लेषण गर्दै पुस्तकका सबल र सुधारयोग्य दुबै पक्षलाई प्रमाणसहित सन्तुलित रूपमा प्रस्तुत गर्ने।
४) **निष्कर्ष र सिफारिस:** पुस्तकको समग्र महत्व र लक्षित पाठक वर्गबारे स्पष्ट निष्कर्ष र सिफारिस दिने

**(ख) समीक्षाको ढाँचा तथा समय सीमा :**
१) **लम्बाइ** : लिखित समीक्षा २ देखि ३ पृष्ठमा लगभग १ देखि २ हजार शब्दको हुनुपर्नेछ ।
२) **प्रस्तुतीकरण समय** : कार्यक्रमका दिन मौखिक प्रस्तुतिका लागि प्रत्येक समीक्षकलाई अधिकतम ८ देखि १० मिनेटको समय उपलब्ध गराइनेछ ।

**(ग) नाम दर्ता सम्बन्धी विवरण :**
१) **दर्ता गर्ने अन्तिम मिति** : २०८३ भदौ १० गते अपरान्ह ४:०० बजेसम्म ।
२) **दर्ता गर्ने स्थान** : क्याम्पस प्रशासन ।
३) **आवश्यक विवरण** : नाम, अध्ययनरत तह/विभाग, सम्पर्क नम्बर र समीक्षा गरिने पुस्तकको नाम तथा लेखकको विवरण दर्ता गराउनुपर्नेछ ।

(घ) समीक्षा प्रस्तुत गर्ने सहभागीहरूलाई क्याम्पसको तर्फबाट प्रशंसापत्र एवं पारिश्रमिकको व्यवस्था गरिएको छ ।

**थप जानकारीका लागि प्रशासन शाखा ०६५५९००९६ मा सम्पर्क गर्नुहोला ।**

**क्याम्पस प्रमुख**



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**भदौ १३ गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
**वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ**
**(Manipal Teaching Hospital, Pokhara)**

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरु:**

१. **छाला सम्बन्धी रोगहरू:**
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरु आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

२. **यौनरोग सम्बन्धी समस्याहरू** (Male/Female):
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

३. **कुष्ठ (Leprosy) रोग:**
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु, लामो समयको छाला समस्या जसले निको हुँदैन

४. **सौन्दर्य चिकित्सा** (Aesthetic Dermatology):
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

# व्यासको कार्यपालिका बैठक : भूमि बैंक सञ्चालनदेखि नारेश्वर ताल व्यवस्थापनका निर्णय

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिकाले भूमि बैंक सञ्चालनको प्रक्रिया अघि बढाउनेदेखि नारेश्वरताललाई आन्तरिक पर्यटनको आकर्षक केन्द्रका रूपमा विकास गर्नेसम्मका विभिन्न निर्णय गरेको छ ।

नगर प्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको नियमित बैठकले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक समीक्षा, चालु आर्थिक वर्षको कार्यसम्पादन, खेलकुद प्रशिक्षक परिचालन, वातावरण तथा जैविक विविधता संरक्षणलगायतका विषयमा निर्णय गरेको हो ।

बैठकले नेपाल सरकारबाट भूमि बैंक सञ्चालन गर्न अनुमति प्राप्त भइसकेकाले संघीय सरकारले जारी गरेको 'भूमि बैंक स्थापना तथा सञ्चालन कार्यविधि, २०८३' अनुसार प्रक्रिया अघि बढाउन आवश्यक कार्यविधि र निर्देशिका तयार गरी पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिएको छ ।

नगरपालिकाले खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८३ तथा वातावरण, जलचर र जलीय जैविक विविधता संरक्षण तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८३ लाई प्राप्त सुझावसमेत समेटी संशोधनसहित पारित गरेको छ।

बैठकले आर्थिक वर्ष २०८२/८३ को वार्षिक समीक्षामा वडा सचिव तथा शाखा प्रमुखबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गर्दै नगरस्तरीय राजनीतिक दल तथा सरोकारवालाबाट प्राप्त सुझावलाई कार्यान्वयनमा लैजाने निर्णय गरेको छ। वडागत कार्यसम्पादन गतिविधिको समीक्षा सम्बन्धित वडाका टोल संस्था तथा नागरिक समाजका प्रतिनिधिको उपस्थितिमा गराउने निर्णयसमेत गरिएको छ।

नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि तय भएका ठेक्कामार्फत सञ्चालन हुने योजनाको ठेक्का आह्वान असोज मसान्तभित्र र उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजनाको काम कार्तिक मसान्तभित्र अघि बढाउने गरी प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिएको छ।

त्यस्तै, नगरपालिकाको आन्तरिक आम्दानीतर्फ आर्थिक वर्ष २०८३/८४ को श्रावण महिनामा करिब १ करोड ९९ लाख रुपैयाँभन्दा बढी आम्दानी भएको जानकारी बैठकमा प्रस्तुत गरिएको थियो । बैठकले नगर प्रमुख वैकुण्ठ न्यौपाने र प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालबीच आर्थिक वर्ष २०८३/८४ का लागि कार्यसम्पादन सम्झौता गर्ने निर्णयसमेत गरेको छ।

यसैगरी व्यास नगरपालिका-१० दुम्सीकोटस्थित निर्माणाधीन नारेश्वर तालमा पानी भर्ने काम भइरहेको अवस्थामा ताललाई आन्तरिक पर्यटनको आकर्षक केन्द्रका रूपमा विकास गर्ने निर्णय गरिएको छ। तालको भौतिक पूर्वाधारको सुरक्षा, सरसफाइ तथा तटबन्ध निर्माणलगायतका काम आवश्यकताअनुसार गर्न सात सदस्यीय नारेश्वर ताल सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय बैठकले गरेको छ।

समितिमा वडा नं. १० का वडाध्यक्षको अध्यक्षतामा स्थानीय सरोकारवालालाई समेत समेटिने जनाइएको छ। नारेश्वर तालको विकास तथा व्यवस्थापनलाई व्यवस्थित बनाउन स्थानीय समुदायको सहभागितामा काम अघि बढाउने नगरपालिकाको तयारी छ।

बैठकले नगरपालिकाले यसअघि प्रकाशित गरेको जग्गा वर्गीकरण तथा कित्तागत विवरणमा केही कित्तागत विवरण संशोधन गर्नुपर्ने तथा नयाँ कित्तागत विवरण थप गर्नुपर्ने देखिएकाले सम्बन्धित जग्गाधनीलाई आवश्यक प्रमाण र आफ्नो विवरणसहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्न ३५ दिने सूचना प्रकाशित गर्ने निर्णय पनि गरेको छ। नगरपालिकाले अघिल्लो कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था तथा कार्यालयबाट प्रवाह भइरहेको सेवाको समेत समीक्षा गरेको जनाएको छ ।

# दुम्सीमा भदौ १४ गते वृहत् सामुदायिक स्वास्थ्य शिविर

भञ्ज्याङ समाचारदाता/दमौली

आदिकवि भानुभक्त क्याम्पस, दमौलीको ४०औँ वार्षिकोत्सवको अवसरमा व्यास नगरपालिका-१०, दुम्सीस्थित व्यास नगर अस्पतालको प्राङ्गणमा आगामी भदौ १४ गते वृहत् सामुदायिक स्वास्थ्य परीक्षण तथा परामर्श शिविर आयोजना हुने भएको छ ।

शिविरको तयारीका लागि व्यास नगर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं व्यास नगरपालिका-१० का निवर्तमान वडाध्यक्ष तुलसीराम सापकोटाको अध्यक्षतामा तथा व्यास नगरपालिकाका नगरप्रमुख वैकुण्ठ न्यौपानेको विशेष उपस्थितिमा सरोकारवालाबीच संयुक्त बैठक सम्पन्न भएको छ । बैठकले शिविरलाई व्यवस्थित, प्रभावकारी र सर्वसुलभ बनाउन प्रचारप्रसार तथा आन्तरिक व्यवस्थापनलाई तीव्रता दिने निर्णय गरेको छ ।



आदिकवि भानुभक्त क्याम्पस र पब्लिक क्याम्पस प्राध्यापक संघ, क्याम्पस एकाइको आयोजना तथा व्यास नगरपालिकाको सहआयोजनामा हुने शिविरमा चितवन मेडिकल कलेज, भरतपुरले मुख्य प्राविधिक सहयोग गर्नेछ। व्यास नगर अस्पताल, नेपाल रेडक्रस सोसाइटी दुम्सीकोट उपशाखा, स्थानीय आमा समूह, टोल विकास संस्था, सामुदायिक विद्यालय, स्थानीय सञ्चारमाध्यम तथा क्याम्पसका विभिन्न भ्रातृ सङ्गठनले शिविरमा सहयोग तथा समन्वय गर्नेछन्।

बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म सञ्चालन हुने शिविरमा विशेषज्ञ चिकित्सकमार्फत विभिन्न स्वास्थ्यसम्बन्धी सेवा तथा परामर्श उपलब्ध गराइनेछ। शिविरमा क्यान्सर स्क्रिनिङ, जनरल फिजिसियन, स्त्री तथा प्रसूति रोग, सर्जरी, आँखा तथा रेडियोलोजीसम्बन्धी स्वास्थ्य परीक्षण र परामर्श सेवा प्रदान गरिने आयोजकले जनाएको छ।

शिविरमा सहभागी हुने सबै सर्वसाधारणका लागि दर्ता शुल्क पूर्ण रूपमा निःशुल्क गरिएको छ। ग्रामीण तथा स्थानीय समुदायका नागरिकलाई घरनजिकै विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर आयोजना गर्न लागिएको आयोजकको भनाइ छ।

शिविरलाई प्रभावकारी बनाउन स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी, शिक्षण संस्था, सामाजिक संस्था, टोल विकास संस्था तथा समुदायका प्रतिनिधिबीच समन्वय बढाउने विषयमा समेत बैठकमा छलफल भएको थियो। स्वास्थ्य परीक्षणका क्रममा थप उपचार आवश्यक देखिएका बिरामीलाई आवश्यकताअनुसार सम्बन्धित स्वास्थ्य संस्थामा उपचार तथा परामर्शका लागि सहजीकरण गर्ने तयारीसमेत गरिएको छ।

शिविरको अन्तिम तयारी तथा थप व्यवस्थापनका विषयमा छलफल गर्न भदौ ११ गते बिहान पुनः वृहत् बैठक बस्ने निर्णय गरिएको छ। बैठकमा व्यास नगरपालिकाका जनप्रतिनिधि, क्याम्पस सञ्चालक तथा प्रशासन, स्वास्थ्यकर्मी, विद्यालयका प्रतिनिधि, रेडक्रस, टोल विकास संस्था, आमा समूह, सामाजिक अभियन्ता तथा स्थानीय सरोकारवालासहित ४४ जनाको सहभागिता रहेको थियो।

क्याम्पसको ४०औँ वार्षिकोत्सवलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै आयोजना गर्न लागिएको स्वास्थ्य शिविरबाट दुम्सी तथा आसपासका क्षेत्रका सर्वसाधारण प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ।

# तनहुँमा खाद्यान्न उत्पादन अझै ........

बगैँचा स्थापना तथा विस्तार कार्यक्रमबाट थप २०६ रोपनीमा नयाँ बगैँचा विस्तार गरिएको छ, जसबाट चार वर्षपछि वार्षिक ७२ मेट्रिक टन फलफूल उत्पादन हुने अनुमान छ ।

सुन्तलाजात फलफूल बगैँचा सुदृढीकरणतर्फ १ हजार ७७७ रोपनी क्षेत्रफलमा काम सम्पन्न भएको छ। उक्त क्षेत्रको उत्पादकत्व करिब १५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। त्यसैगरी नयाँ सुन्तलाजात फलफूल बगैँचा विस्तार कार्यक्रमबाट ६३९ रोपनीमा बगैँचा विस्तार गरिएको र चार वर्षपछि वार्षिक करिब २०० मेट्रिक टन फलफूल उत्पादन हुने अनुमान गरिएको छ ।

**तरकारी खेतीबाट २३६ टन उत्पादन थपिने**

व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रमअन्तर्गत ३५ वटा फार्म, समूह तथा सहकारीलाई ५० प्रतिशत अनुदानमा विभिन्न कृषि सामग्री उपलब्ध गराइएको थियो । कार्यक्रमबाट ३३८ रोपनीमा व्यावसायिक तरकारी खेती विस्तार भएको र वार्षिक करिब २३६ मेट्रिक टन तरकारी उत्पादन वृद्धि भएको कार्यालयले जनाएको छ । यसबाट २३० जनाका लागि रोजगारी सिर्जना भएको तथा ३२६ जना लाभान्वित भएका छन् । लोकमार्ग तथा कोरिडोर केन्द्रित कृषि उत्पादन प्रवर्द्धन कार्यक्रमबाट १५० रोपनीमा अदुवा खेती विस्तार भई ९० मेट्रिक टन अदुवा उत्पादन हुने अनुमान गरिएको छ। त्यस्तै १५ वटा टनेल निर्माण गरी व्यावसायिक तथा बेमौसमी तरकारी खेती प्रवर्द्धन गरिएको छ । कार्यक्रममा २ सय ४४ जना लाभान्वित भएका छन् ।

**कृषि उद्यममा ११ नयाँ उद्यम**

कृषि उद्यम विकास कार्यक्रम अन्तर्गत कृषि उत्पादनको लेबलिङ, प्याकेजिङ, ब्रान्डिङ तथा बजारीकरणका लागि ११ वटा कृषि फार्म, कृषक समूह तथा सहकारीलाई सहयोग गरिएको छ। मकै, अदुवा, बेसार र महलगायतका कृषि उपजको बजारीकरणमा सहयोग पुगेको तथा ११ वटा कृषि आधारित उद्यम स्थापना भएको प्रतिवेदनमा उल्लेख छ । यसबाट १०८ जना लाभान्वित भएका छन्, जसमा ६८ महिला र ४० पुरुष छन् ।

निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रमबाट अदुवा, अकबरे खुर्सानी, कफी तथा मौरीपालनमा सहयोग गरिएको छ । १५ रोपनीमा अदुवा, २५ रोपनीमा अकबरे खुर्सानी र ५० रोपनीमा कफी खेती विस्तार भएको छ। ५० वटा मौरीघारमा मौरीपालन सुरु गरिएको तथा ८८ जना लाभान्वित भएका छन्। कार्यक्रमबाट वार्षिक १० मेट्रिक टन अदुवा, १८ मेट्रिक टन अकबरे खुर्सानी तथा ३५ मेट्रिक टन मह उत्पादन हुने अनुमान गरिएको छ।

**७ हजारभन्दा बढी रोजगारी सिर्जना**

यस्तै, कृषि विकास कार्यालयले सञ्चालन गरेका विभिन्न कार्यक्रमबाट आंशिक र पूर्ण गरी ७ हजार ४२ जनाका लागि रोजगारी सिर्जना भएको प्रतिवेदनले देखाएको छ। यसमध्ये ६ हजार २९४ जनाले आंशिक रोजगारी तथा ७४८ जनाले पूर्ण रोजगारी पाएका छन् । आंशिक रोजगारीतर्फ ३ हजार २८० महिला र २ हजार ४५६ पुरुष तथा पूर्ण रोजगारीतर्फ ३५२ महिला र ३९७ पुरुष रहेका छन् ।

खाद्यान्न उत्पादन प्रवर्द्धन कार्यक्रमले आंशिक रोजगारीतर्फ २ हजार २८० र पूर्ण रोजगारीतर्फ ६१ जनालाई रोजगारी सिर्जना गरेको छ। चैतेधान कार्यक्रमबाट १ हजार ५४० आंशिक तथा ५३ पूर्ण रोजगारी, व्यावसायिक तरकारी खेतीबाट १४४ आंशिक तथा ८६ पूर्ण रोजगारी सिर्जना भएको प्रतिवेदनमा उल्लेख छ ।

**६ महिनामा २९ सय टन कृषि उपज आयात**

कृषि तथा पशुपन्छी नियमन इकाइ आँबुखैरेनीबाट प्राप्त विवरणअनुसार २०८२ माघदेखि २०८३ असारसम्मको छ महिनामा तनहुँमा २ हजार ९०७ मेट्रिक टन कृषि उपज आयात भएको छ भने ५४२ मेट्रिक टन कृषि उपज निर्यात भएको छ । उक्त अवधिमा १ हजार ५९६ मेट्रिक टन तरकारी, ७३८ मेट्रिक टन फलफूल र ५७३ मेट्रिक टन खाद्यान्न आयात भएको छ । निर्याततर्फ तरकारी २६६, फलफूल १९८ र खाद्यान्न ७८ मेट्रिक टन रहेको छ ।

**प्राकृतिक विपत्तिबाट ३७ लाखको क्षति**

बालीमा रोग, असिना तथा हावाहुरीका कारण आर्थिक वर्षमा १९३ हेक्टर क्षेत्रफल प्रभावित भएको छ । प्रतिवेदनअनुसार चैतेधानमा १७२ हेक्टर, तरकारी तथा अन्य बालीमा १२ हेक्टर र सुन्तलामा ९ दशमलव ३ हेक्टर क्षति भएको छ। लागतका आधारमा कुल ३७ लाख १८ हजार ३०० रुपैयाँ बराबरको क्षति भएकोमा कार्यालयबाट ८ लाख ७८ हजार रुपैयाँ राहत प्रदान गरिएको छ ।

त्यसैगरी बाली बीमातर्फ ४० कृषकको ६ करोड ७९ लाख ५० हजार रुपैयाँ बराबरको बीमाङ्क रहेको छ । बीमाको प्रिमियम शुल्क ३४ लाख १२ हजार रुपैयाँ रहेकोमा २७ लाख ३० हजार रुपैयाँ अनुदान उपलब्ध गराइएको र ९५ लाख १४ हजार रुपैयाँ बराबरको दाबी परेको प्रतिवेदनमा उल्लेख छ ।

**बाँदर र बाँझो जमिन मुख्य चुनौती**

कार्यालयको जिल्लाको कृषि क्षेत्रमा बाँदरको समस्या, खेतीयोग्य जमिन बाँझो राख्ने क्रम, रासायनिक मलको अभाव, जनशक्ति कमी तथा जलवायु परिवर्तनका कारण उत्पन्न समस्या प्रमुख चुनौतीका रूपमा औँल्याएको छ । जलवायु परिवर्तनका कारण अतिवृष्टि, अनावृष्टि र अल्पवृष्टिजस्ता समस्या बढिरहेको कार्यालयको निष्कर्ष छ ।

आँबुखैरेनीस्थित कृषि तथा पशुपन्छी नियमन इकाइ प्रभावकारी रूपमा सञ्चालन गर्न कठिनाइ रहेको तथा दरबन्दीअनुसार पदपूर्ति नहुँदा कार्यसम्पादनमा असर परेको प्रतिवेदनमा उल्लेख छ । कृषि तथ्याङ्क अद्यावधिक गर्न स्थानीय तहसँग समन्वय, सिँचाइसम्बन्धी कार्यक्रम सञ्चालनमा सम्बन्धित निकायसँग सहकार्य तथा नियमन इकाइ सञ्चालनका लागि दक्ष जनशक्ति र पर्याप्त बजेट आवश्यक रहेको कार्यालयले जनाएको छ ।

**आगामी वर्ष उत्पादन र उत्पादकत्वमा जोड**

कृषि विकास कार्यालयले आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेशतर्फ ६ करोड २९ लाख ८१ हजार र संघीयतर्फ ३० लाख रुपैयाँ गरी कुल ६ करोड ५९ लाख ८१ हजार रुपैयाँको बजेट प्रस्ताव गरेको छ । प्रदेश बजेटमध्ये २ करोड ५ लाख ५३ हजार रुपैयाँ प्रशासनिक र ४ करोड ५४ लाख २८ हजार रुपैयाँ कार्यक्रमगत बजेट रहेको छ ।

आगामी वर्ष खाद्यान्न बाली उत्पादन प्रवर्द्धन, आत्मनिर्भरताका लागि बीउ उत्पादन, व्यावसायिक तरकारी खेती, चैतेधान, फलफूल बगैँचा विस्तार तथा सुदृढीकरण, खाद्य आलु उत्पादन, जलवायुमैत्री कृषि प्रविधि, रैथाने तथा स्थानीय बाली विकास, ग्रामीण कृषि पर्यटन र कृषि उद्यम विकासलाई प्राथमिकतामा राखिएको छ ।

कार्यालयको एक वर्षको प्रगतिले कृषि क्षेत्रमा अनुदान, यान्त्रिकीकरण, उत्पादन वृद्धि, रोजगारी सिर्जना र कृषि उद्यम विकासका कार्यक्रम विस्तार भएको देखाए पनि खाद्यान्नमा जिल्लाको आत्मनिर्भरता हासिल हुन नसक्नु, खेतीयोग्य जमिन बाँझिँदै जानु र सिँचाइ सुविधा सीमित रहनु प्रमुख चुनौतीका रूपमा देखिएका छन्। आगामी कार्यक्रमको प्रभावकारिता उत्पादन क्षेत्र विस्तारसँगै बजार, सिँचाइ, प्रविधि, कृषि बीमा, भण्डारण र बजारीकरणमा केन्द्रित गर्न सके मात्र तनहुँको कृषि क्षेत्रलाई आत्मनिर्भर र व्यावसायिक बनाउन सकिने प्रतिवेदनका तथ्यहरूले संकेत गर्छन् ।

# आँबुखैरेनीमा विद्यालय .....

माध्यमिक विद्यालयकी प्रधानाध्यापक एवं सहजकर्ता रबीना महर्जन, सहकार्यात्मक विद्यालय सञ्जालका निर्देशक राजन महर्जन, नगरपालिका व्यवस्थापक तृष्णा कँडेल, विद्यालय नेता सौरभ बतास र सिकाइ रूपान्तरण नेता टेकबहादुर कार्कीले सहजीकरण गरेका थिए।

सहजीकरणका क्रममा विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षलाई प्रभावकारी बनाउन विद्यालय नेतृत्वले निर्वाह गर्नुपर्ने भूमिका, सिकाइ सुधारका रणनीति तथा विद्यालयमा व्यवहारतः प्रयोग गर्न सकिने असल अभ्यासबारे छलफल गरिएको थियो । विद्यालयमा भइरहेका अभ्यास, सुधारका सम्भावना र नेतृत्वका क्रममा देखिने चुनौतीबारे सहभागीहरूबीच अन्तरक्रियासमेत गरिएको थियो ।

कार्यशालाले विद्यालय नेतृत्वलाई प्रशासनिक जिम्मेवारीमा मात्र सीमित नराखी सिकाइ सुधारको नेतृत्वकर्ता तथा विद्यालय रूपान्तरणको आधारका रूपमा विकास गर्नुपर्नेमा जोड दिएको छ। सिकाइ सुधारका लागि नेतृत्व, प्रभावकारी नेतृत्वका लागि निरन्तर चिन्तन र विद्यालय रूपान्तरणका लागि सहकार्य आवश्यक रहेको सन्देश कार्यशालाले दिएको प्रमुख कुवँरले जानकारी गराइन् ।

विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापक तथा अन्य नेतृत्व तहका व्यक्तिको क्षमता विकास महत्वपूर्ण हुने भएकाले यस्ता कार्यक्रमले विद्यालय नेतृत्वलाई थप प्रभावकारी बनाउन तथा विभिन्न विद्यालयका असल अभ्यास आदानप्रदान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : व्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४